श्री सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल काठमाडौं
फोन नं.: ०१-४२५९६०२
०१-४२४८२५१
वेबसाइट:www.supremecourt.gov.np
इमेल:jed@supremecourt.gov.np

मिति:२०७९।०९।२५

पत्र संख्या :०७९/०८०
चलानी नं.: ९१२

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २३२८
दर्ता मिति:- ९/२८

विषय: आदेश कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
(कानून तथा फैसला कार्यान्वयन महाशाखा), सिंहदरबार, काठमाण्डौ।
श्री अर्थ मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौ।
श्री गृह मन्त्रालय
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौ।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौ।
श्री वन तथा वातावरण मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौ।
श्री प्रदेश नं. १ प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगर।
श्री प्रदेश नं. २ प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जनकपुरधाम ।
श्री बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौंडा ।
श्री गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पोखरा ।
श्री लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बुटवल ।
श्री सुदुरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, धनगढी ।
श्री खानी तथा भुगर्भ विभाग, लैन्चौर, काठमाण्डौ।
श्री उद्योग विभाग, त्रिपुरेश्वर काठमाण्डौ।
श्री वन तथा वातावरण विभाग, बबरमहल काठमाण्डौ।

उपरोक्त सम्बन्धमा निवेदक शैलेन्द्र प्रसाद अम्बेडकर समेत विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको रिट नं. ०७७-WC-००९९, ०७७-WC-०१००, ०७७-WC-०१०१, ०७७-WC-०१०२, ०७७-WC-०१०३, ०७७-WC-०१०४, ०७७-WC-०१०५ र ०७७-WC-०१०९ को उत्प्रेषण मुद्दामा श्री सर्वोच्च अदालतको

मिति २०७९/०१/०७ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा प्रतिलिपी प्राप्त भई व्यहोरा अवगत भएकै होला। उक्त आदेश कार्यान्वयन गर्ने सम्बन्धमा प्रस्तुत पत्र लेखिदैछ।

श्री सर्वोच्च अदालतको मिति २०७९/०१/०७ को आदेशमा"... खानीजन्य, नदीजन्य प्राकृतिक स्रोतको दोहन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि निकासी गर्ने सम्बन्धमा संविधानका व्यवस्था, भावना र मर्म समेत अनुकूल हुने गरी संघीय विधायिकाद्वारा निर्मित कानूनले अन्यथा व्यवस्था नगरेसम्म नेपालको कुनै पनि क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा आदिको निकासी गर्ने गराउने कार्य नगर्नु, नगराउनु; मुलुकको भौगोलिक, भौगर्भिक र वातावरणीय संवेदनशिलता समेतलाई दृष्टिगत गरी प्रशासन र सुरक्षा निकायहरु समेतको परिचालन गरी हाल भैरहेको विदेश तर्फको निकासीलाई रोक्नु र वातावरण संरक्षणमा प्रभावकारी व्यवस्था मिलाउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। साथै सालिन्दा नदीले बगाएर ल्याउने नदिजन्य पदार्थहरुको उपयोग नहुँदा नदीले बाटव बदल्ने र धनजनको अरु क्षति हुन्छ भन्ने प्राविधिक अध्ययन, भौगोलिक अध्ययन प्रणाली (GIS), रिमोट सेन्सिङ, इमेजिङ समेतको माध्यमबाट स्पष्टसंग देखिएका स्थान र क्षेत्रमा मुलुकको विकासको आवश्यकतालाई केन्द्रित गरी नदीको सतह गहिरो नहुने, किनारा नभासिने कुरा सुनिश्चित गरी नदीको सापेक्षिक रुपमा स्थीर प्रवाह हुने स्थानमा आवश्यक छाँद, बाँध समेत गरी सो स्थानमा थिग्रिन वा जम्मा हुन पुगेका ढुङ्गा, गिट्टी, बालुवा समेतका प्राकृतिक स्रोतहरु देशभित्रको पूर्वाधार निर्माणमा मात्र प्रयोग हुने व्यवस्था गर्न विद्यमान नीतिहरुमा पुनरावलोकन गर्नु र वातावरण संरक्षणको सन्दर्भमा दक्ष जनशक्ति सहितको प्रभावकारी संयन्त्र निर्माण गरी वातावरणीय सुशासनको माध्यमले यस विषयको नियमन गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश समेत जारी हुने ठहर्छ .."।भन्ने समेत व्यहोराको आदेश भएको देखिन्छ।

अतः श्री सर्वोच्च अदालतको मिति २०७९/०१/०७ को उक्त आदेश कार्यान्वयन गरी गराई सो को जानकारी यस निर्देशनालयमा पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०७९/०३/२८

शोभा ढुङ्गाना

शाखा अधिकृत

शाखा अधिकृत